म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ | अङ्क:- १९५ | २०८१ जेठ २५ गते शुक्रबार 7 June 2024, Friday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## फुटबल रेफ्री अकिललालको निधन

हेटौंडाः फुटबल खेलका रेफ्री अकिललाल श्रेष्ठको निधन भएको छ। बुधबार राती हृदयघातका कारण ४० बर्षीय श्रेष्ठको मृत्यु भएको अखिल नेपाल फुटबल संघ (एन्फा) केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला अध्यक्ष टिकाराम लामाले जानकारी दिनुभएको छ। छाती दुखेको भनी बुधबार दिउँसो स्वास्थ्य परीक्षण समेत गराएका श्रेष्ठ राती भने दुखाई अझ तीव्र भएपछि अस्पताल लिएर जाने क्रममा बाटोमै मृत्यु भएको लामाले बताउनुभयो । मकवानपुर जिल्ला रेफ्री संघका अध्यक्ष समेत रहनुभएका हेटौंडा-१३ निवासी श्रेष्ठको अन्त्येष्टी बिहिबार बिहान हेटौंडा-९ त्रिवेणीधाममा गरिएको छ। रेफ्री श्रेष्ठको निधनमा दुख व्यक्त गर्दै मकवानपुर जिल्ला फुटबल संघले बिहिबार शोक मनाउँदै जिल्लाभर फुटबलका क्रियाकलाप रोक्न आग्रह समेत गरेको थियो। श्रेष्ठको श्रीमति र एक छोरा छन्।

### बजेटको विषयमा बागमतीमा लफडा

## मन्त्रालयको बजेट नै नबनाउने मन्त्रीको चेतावनी

समाज संवाददाता

हेटौंडाः बजेट सिलिङका विषयलाई लिएर बागमती प्रदेश मन्त्रिपरिषद् बैठकमा लफडा भएको छ । मंगलबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकमा बजेट सिलिङ कम भएको भन्दै मन्त्री र अर्थ मन्त्री तथा मुख्यमन्त्री बीच वादविवाद भएको हो ।

बैठकमा बजेट सिलिङ घटाएर पठाएको भन्दै मन्त्रीहरुले गुनासो गरेका थिए । मंगलबार साँझ ३ घण्टा बसेको मन्त्रिपरिषद् बैठकमा सहभागी मन्त्रीहरुले बजेट सिलिङ कम हुँदा नागरिकको माग अनुसारको योजनाहरु समेट्न नसकेको बताएका थिए । आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षमा १५ प्रतिशत बजेट सिलिङ घटाएर पठाएको भन्दै उनीहरुले मन्त्रिपरिषद् बैठकमा गुनासो गरेका हुन् ।

बजेटका विषयमा मन्त्रिपरिषद् बैठकमा मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्री र अन्य मन्त्रीहरु बीच चर्काचर्कीको स्थिति बनेको बैठकमा सहभागी एक मन्त्रीले जानकारी दिए । ती मन्त्रीका अनुसार मुख्यमन्त्री र आर्थिक मामिला तथ योजना मन्त्रीलाई बजेट सिलिङ नपुगेको र बढाउन आग्रह गर्दै छलफल भएको बताए । छलफलमा मुख्यमन्त्री र अर्थ मन्त्रीले सिलिङ बढाउन नसक्ने बताएको र त्यसको प्रतिउत्तरमा मन्त्रीहरुले नागरिक, स्थानीय तह र सांसदहरुले सिफारिस गरेको योजना समावेश नहुँदाको परिस्थिती बारे जवाफदेही बन्न भनेका थिए ।

'बजेटको सिलिङ कम भएको विषयमा विभागीय मन्त्रीहरुले मुख्यमन्त्री र अर्थ मन्त्रीसँग गुनासो गरेका हुन् । "उहाँहरु सिलिङ थप गर्न नहुने भन्दै अडानमा हुनुहुन्छ । हामीले आवश्यकता र माग अनुसार बजेट दिन नसक्ने अवस्था रहेकाले सम्बन्धित स्थानीय तह, सांसद र नागरिकका विषयमा स्वयम् जवाफदेही बन्न भनेका छौं", उनले भने । बैठकमा सहभागी प्रदेशका श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले बजेट सिलिङ अनिवार्य दायित्व र नियमित कार्यक्रमका लागि मात्र आएको बताए । बजेट सिलिङ चालुको भन्दा कम प्राप्त हुँदा पूँजीगत तर्फको खर्च कटौति भएकाले नागरिकको माग र आवश्यकता सम्बोधन गर्न सक्ने अवस्था नरहेकाले मन्त्रिपरिषद् बैठकमा छलफल भएको उनले बताए ।

"सरकार पैसा छैन भनिरहेको छ । हाम्रो माग अनुसार पैसा आउन सकेको छैन । हामी नागरिकको माग सम्बोधन भएन बजेट सिलिङ बढाउन भनिरहेका छौं । अनिवार्य दायित्व र नियमित कार्यक्रमका लागि मात्र बजेट सिलिङ पठाइएको छ", उनले भने, 'नागरिकको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत क्षेत्रका योजना समेट्न मन्त्रालयलाई कठिन भइहरेको छ । स्थानीय तह र सांसदहरुले माग गरेको योजनामा हाल्ने पैसा मन्त्रालयमा छैन । यस परिस्थितिमा सरकार बजेट सिलिङ बढाउन हुँदैन भन्नेमा अडान कायम राखेर बसेको छ ।"

उनका अनुसार मन्त्रालयमा कम सिलिङ पठाएर मुख्यमन्त्री र अर्थ मन्त्रीले ठुलो रकम राख्ने र अनुकुलताको आधार मा विनियोजन गर्ने सरकारको रणनीति रहेको मन्त्रीहरुको आशंका रहेको छ । बजेट सिलिङ पठाउने विषयमा मुख्यमन्त्री र अर्थ मन्त्रीको प्रवृत्ति ठिक नभएको उनको भनाई छ ।

"आफू अनुकुल चलाउन ठुलो रकम अर्थ र मूख्यमन्त्रीले चलाउने गरी राखिएको छ भन्ने अशंका हाम्रो हो । उहाँहरुले गरेको व्यवहार र प्रस्तुति ठिक भइरहेको छैन । पैसा पठाए जनताको काम हुन्छ अन्यथा बजेटमा सम्बोधन हुँदैन । जवाफ उहाँहरुले नै दिने हो", उनले भने । प्रदेशका संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यका अनुसार विभागीय मन्त्रालयको सिलिङ कम भएको विषयमा मन्त्रिपरिषद् बैठकमा मन्त्रीहरुले प्रश्न गरेका हुन् । नागरिकको आवश्यकता बढ्दो क्रममा रहेका बेला अर्थ मन्त्रालयले बजेट सिलिङ घटाउँदा समस्या भएको उनले बताए ।

"बजेट निर्माणको चरण सुरु भएदेखि मन्त्रालयमा बजेट माग गर्नेको चाप छ । तर, सिलिङ कम पठाउँदा सम्बोधन गर्न सक्ने अवस्था छैन । सो विषयमा मुख्यमन्त्री र अर्थ मन्त्रीलाई ध्यानाकर्षण गराइएको हो", उनले भने । प्रदेशकी युवा तथा खेलकुद मन्त्री रमा आले मगरले मन्त्रालयले बजेट नबनाउने बताएकी छिन् । मन्त्रिपरिषद् बैठकमा समेत सशक्त रुपमा प्रस्तुत भएकी उनी तत्कालको सिलिङमा मन्त्रालयले बजेट नबनाउने उनले बताइन् ।

प्रदेशको हेरक वडा र पालिकामा खेल मैदान निर्माणको योजना बनाउने सरकारले मन्त्रालयको बजेट सिलिङ ५६ करोडको पठाएको भन्दै उनले असन्तुष्टि व्यक्त गरिन् । अनिवार्य दायित्व व्यहोर्ने र गत बर्षको खर्च तिर्न नै नपुग्ने गरी बजेट सिलिङ पठाएका कारण आफूले बजेट निर्माण नगर्ने मन्त्रिपरिषद् बैठकमा नै बताएको उनको भनाई छ । प्रदेश सरकारको गत आर्थिक बर्षको बजेटमा सो मन्त्रालयले १ अर्ब २२ करोड रुपैयाँको सिलिङ पाएको र चालु आर्थिक वर्षको सिलिङमा समेत घटाएर पठाएको उनको भनाई छ । चालु खर्च र नियमित कार्यक्रम बाहेक क्रममागत र बहुबर्षे तथ स्रोत सुनिश्चितता गर्नुपर्ने योजनामा समेत नपुग्ने गरी सिलिङ पठाएकाले बजेट निर्माण नगर्ने उनले बताइन् ।

सो विषयमा मन्त्रालयका कर्मचारीको तलब भत्ता र अन्य खर्चहरुको व्यवस्थापन गर्न अर्थ मन्त्रीलाई जानकारी गराएको उनले बताइन् । १ अर्ब बजेट सिलिङ प्राप्त नभएसम्म बजेट निर्माण कार्य नगर्न मन्त्रालयमा निर्देशन गरेको उनको भनाई छ । उक्त आग्रहपछि अर्थ मन्त्रीले बजेट सिलिङ थप गरेर पठाउने आश्वासन दिएको उनले बताइन् ।

## संघीय सांसद बर्तौला र नगर प्रमुख लामाबीच वाक युद्ध

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति मकवानपुरको समिक्षा कार्यक्रममा संघीय सांसद महेश कुमार बर्तौला र हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाबीच वाक युद्ध भएको छ ।

बिहिबार हेटौंडामा आयोजित समिक्षा कार्यक्रममा नगर प्रमुख लामाले सांसदहरु सरकार बनाउने र गिराउने खेलमा सक्रिय भएको आरोप लगाउनुभयो । उहाँले सांसदहरु सरकार निर्माण र मन्त्री बन्ने कसरतमा व्यस्त हुँदा स्थानीय तह तथा नागरिकको समस्या ओझेलमा परेको बताउनुभयो । उहाँले सरकार निर्माणको खेलले नागरिकका समस्या, संघीय व्यवस्था, संविधान कार्यान्वयन र कानुन निर्माणसमेत प्रभावित भएको टिप्पणी गर्नुभयो । संघीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा स्थानीय तहका लागि खासै सम्बोधन हुन नसकेको उहाँले गुनासो गर्नुभयो । हेटौंडाको सवालमा २५ मिटर सडक विस्तार, विकास निर्माणका योजना संघीय सरकारको बजेटमा समावेश हुन नसकेको उहाँको भनाई थियो ।

त्यस लगत्तै कार्यक्रमलाई सम्बोधन गर्नुभएका सांसद बर्तौलाले संघीय सरकार निर्माणको काम स्थानीय तहको नभएकाले सो विषयमा टिकाटिप्पणी गर्न उचित नरहेको बताउनुभयो । सरकार निर्माणको काम सांसदहरुको भएको र वर्तमान निर्वाचन प्रणाली अनुसार स्थिर सरकार कायम हुन सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार वर्तमान निर्वाचन प्रणालीका कारण डेढ बर्षमा नै प्रधानमन्त्रीले चार पटक संसदबाट विश्वासको मत लिनुपर्ने बाध्यता रहेको हो । उहाँले संविधानले निर्धारण गरेको अधिकार क्षेत्रमा रहेर काम गर्नुपर्ने बताउनुभयो । स्टण्ट छाडेर नागरिकको सेवा विकास निर्माणका काम र क्षेत्राधिकार अनुसारको कानुन निर्माणमा स्थानीय तहले जोड दिनुपर्ने उहाँको भनाई थियो ।

## डेंगु संक्रमणको जोखिम घट्दै

समाज संवाददाता

हेटौंडाः नेपालभर डेंगुको संक्रमितको संख्या घट्दै गएको छ । मकवानपुरमा साउन महिनादेखि बढेको डेंगु कार्तिक महिनादेखि घट्दै गएको हो । जनस्वास्थ्य कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार २०८० को साउन महिनादेखि हालसम्म ८ सय ८८ जनालाई डेंगु भएको छ । जसमा ४ सय ३४ महिला र ४ सय ५४ जना पुरुष रहेका छन् ।

कार्यालयको तथ्याङ्कअनुसार बिहीबार भीमफेदी गाउँपालिकाका एकजना बासिन्दालाई डेंगु देखिएको छ । मकवानपुरमा धेरै समयपछि डेंगु संक्रमण भेटिएको हो । मकवानपुरमा धेरै हेटौंडा उपमहानगरपालिकाका ५ सय ६९ जना बासिन्दा डेंगु संक्रमित भएका छन् । यसमा एक जनाको मृत्युसमेत भएको छ । गत साउनदेखि हालसम्म थाहा नगरपालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिकाका २१ जना, बागमती गाउँपालिकाका २४ जना, कैलाश गाउँपालिकाका एकजना, मनहरी गाउँपालिकाका ७३ जना, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, भीमफेदी गाउँपालिकाका ३८ जना, बकैया गाउँपालिकाका २६ जना र राक्सिराङ गाउँपालिकाका ३ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ ।

हेटौंडा अस्पतालबाट ८२ जना, ठेगाना नखुलेका ३० जना र अन्य जिल्लाका १४ जना रहेका छन् । बागमती प्रदेशमा बिहीबार ५ जनामा डेंगु पुष्टि भएको छ । जेठ महिनामा चितवनका १६ जना र मकवानपुरका एक जना बासिन्दामा डेंगु देखिएको छ । साउन महिनादेखि हालसम्म बागमती प्रदेशमा ११ हजार ४ सय जनामा डेंगु देखिएको हो । जसमा ६ जनाको मृत्यु भएको छ । बागमती प्रदेशको धादिङ जिल्लामा सबैभन्दा धेरै ३ हजार ५ सय ७ जनामा डेंगु देखिएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम २ जनामा डेंगु देखिएको छ । गत वर्षजस्तो यसवर्ष डेंगु पुष्टि नदेखिएता पनि यसलाई न्यूनीकरण गर्न जरुरी छ । डेंगुबारे धेरै जनामा सचेतना पुगेको छ । डेंगुको कुनै खास उपचार नभएका कारण आफै डेंगुबाट बच्ने प्रयत्न गर्नुपर्छ । घर वरिपरि पानी जम्न नदिने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने गर्दा यसको संक्रमणबाट बच्न सकिन्छ ।

बधाई तथा शुभकामना



मकवानपुरका युवा उद्यमी, व्यवसायी आदरणीय दाजु **नरेन्द्र भण्डारी** संघीय सरकारको मन्त्रिपरिषद्बाट **हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको अध्यक्ष** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

विकास बासुकला, सञ्चालक

एवम् हाम्रो होटल बासुकला फास्टफुड परिवार

हेटौंडा-४, पारिजातपथ

## शान्ति सुरक्षा प्रबन्धमा प्रशासन प्रतिबद्ध छः प्रजिअ चिलुवाल

समाज संवाददाता

हेटौंडाः मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तीर्थराज चिलुवालले शान्ति सुरक्षा प्रबन्धमा जिल्ला प्रशासन कार्यालय प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आम नागरिकलाई निर्धक्क रहेर जीविकोपार्जनमा अग्रसर हुने वातावरण निर्माणमा प्रशासन कार्यालयले कुनै कसर बाँकी नराख्ने स्पष्ट पार्नुभयो ।

हालै गृह मन्त्रालयबाट सरुवा भए जिल्ला प्रशासन कार्यालय मकवानपुरको प्रमुखको रुपमा आउनुभएका चिलुवालले कार्यालयमा बिहीबार आयोजित पत्रकार भेटघाटमा सहज र स्तरीय सेवा प्रवाह प्रशासनको प्राथमिकतामा रहेको बताउनुभयो । 'गुणस्तरीय सेवा र सुरक्षा प्रशासनको प्राथमिकतामा रहेको विषय हो । आम नागरिकले सुरक्षित महसुस हुने गरी आफ्नो दैनिकी सञ्चालन गर्ने वातावरण निर्माणमा कुनै कञ्जूस्याइँ रहन्न । कानुनविपरित हुने कामको विरुद्धमा प्रशासन सधैं सक्रिय रहन्छ', उहाँले भन्नुभयो ।

प्रजिअ चिलुवालले सेवाग्राहीलाई गुणस्तरीय सेवा दिन प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो । जिल्लाका सम्पूर्ण सरकारी निकायबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त तथा गुनासोरहित बनाउन प्रशासनले भूमिका खेल्ने उहाँको भनाइ छ । हरेक नागरिकले स्वतन्त्रतापूर्वक बाँच्न र बोल्न पाउने अधिकारको सुनिश्चितता गर्ने उहाँले बताउनुभयो । समाजमा अराजक गतिविधि गर्नेहरुलाई कानुनबमोजिम कारवाही गर्न प्रशासन पछि नहट्ने उहाँले बताउनुभयो । विपद् व्यवस्थापनका काममा सक्रियतापूर्वक उपलब्धी प्राप्त हुने गरी प्रशासनले काम गर्ने र सोही अनुसार सुरक्षा निकाय परि चालित हुने उहाँको भनाइ छ ।

'मनसुनको पूर्वतयारी र प्रतिकार्यको काममा ठोस रणनीति सहित अघि बढ्नेछौं', प्रजिअ चिलुवालले भन्नुभयो- 'विपद्बाट हुने जोखिम न्यूनीकरणका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरेर सुरक्षा निकाय परिचालन हुनेछन् ।' उच्च जोखिममा रहेका बासिन्दाहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने विषयमा पनि छलफल गर्ने उहाँले जानकारी दिनुभयो ।

# सम्पादकीय

## भ्रष्टाचारविरुद्ध उजुरी

नेपालको विकास र समृद्धिको सबैभन्दा ठूलो बाधक भ्रष्टाचार बनिरहेको छ । दशकौंदेखि भ्रष्टाचार नियन्त्रणको प्रयास भइरहेको भए पनि भ्रष्टाचार घटेको छैन । गणतन्त्र र संघीयता कार्यान्वयनसँगै बनाइएका तीन तहको सरकारका कारण भ्रष्टाचार झनै बढिरहेको छ । संविधानले नै अधिकार सम्पन्न बनाएको प्रदेश र स्थानीय सरकारमा भ्रष्टाचार मौलाइरहेको छ । विकास र प्रगतिको बाधक बनिरहेको भ्रष्टाचार नेपालका लागि महारोग बनिरहेको छ । संघीय राज्य कार्यान्वयनका क्रममा नयाँ संरचनाको रुपमा रहेको प्रदेश सरकार र अधिकारसम्पन्न बनाइएका स्थानीय सरकार भ्रष्टाचार र बेथितिले थला पर्ने अवस्था बन्न थालेको छ । भ्रष्टाचार अन्त्यका लागि देशमा संवैधानिक अंगको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्रियाशील छ । भ्रष्टाचारसम्बन्धी उजुरी लिएर अनुसन्धान गरी कारबाही अघि बढाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा स्थानीय तहका काम कारबाहीसम्बन्धी उजुरी धेरै पर्ने गरेका आधारमा पनि स्थानीय तहमा भ्रष्टाचार बढ्दै गएको अनुमान गर्न सकिन्छ ।

आम नागरिकको घरदैलोको सिंहदरबारको उपमा पाएको स्थानीय तहसम्बन्धी उजुरी अख्तियारमा उल्लेख्य पर्न थालेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयमा मकवानपुर जिल्लाका १० वटा स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिकासम्बन्धी उजुरी बढी पाइएको हो । चालु आर्थिक वर्ष २०८०/८१ को बैशाख मसान्तसम्म हेटौंडा उपमहानगरपालिकाका काम कारबाहीको बारेमा अख्तियारमा २ सय ८२ वटा उजुरी दर्ता भएको छ । दर्ता भएकामध्ये १ सय ५८ वटा उजुरी फछ्र्यौट भएको र १ सय २४ वटा उजुरी बाँकी रहेको छ । हेटौंडा उपमहानगरपछि अख्तियारमा मकवानपुरगढी गाउँपालिकाको ५२ वटा उजुरी दर्ता भएको छ । ती उजुरीमध्ये ३५ वटा फछ्र्यौट भएको र १७ वटा बाँकी रहेको तथ्यांकमा उल्लेख छ । मकवानपुरका स्थानीय तहमध्ये अख्तियारमा उजुरी पर्नेमा मनहरी गाउँपालिका तेस्रो स्थानमा छ । मनहरीको ३७ वटा उजुरी दर्ता भएकोमा २६ वटा फछ्र्यौट भएको छ भने बाँकी ११ वटा उजुरी रहेका छन् ।

मकवानपुर जिल्लाका बकैया गाउँपालिकासँग सम्बन्धित २५ वटा उजुरी अख्तियारमा दर्ता भएकोमा १४ वटा फछ्र्यौट भएको र ११ वटा उजुरी बाँकी रहेको छ । राक्सिराङ गाउँपालिकाको २१ वटा उजुरी दर्ता भएकोमा १० वटा फछ्यौट भएको छ भने ११ वटा उजुरी बाँकी रहेको छ । थाहा नगरपालिकाको १९ वटा उजुरी दर्ता भएकोमा १६ वटा फछ्र्यौट भएको छ भने तीनवटा बाँकी रहेको छ । यस्तै, बागमती गाउँपालिका र भीमफेदी गाउँपालिकाका काम कारबाहीसम्बन्धी ११-११ वटा उजुरी अख्तियारमा दर्ता भएको छ । तीमध्ये बागमतीको ५ र भीमफेदीको ६ वटा उजुरी फछ्र्यौट भएको अख्तियारको तथ्यांक छ । कैलाश गाउँपालिकासँग सम्बन्धित ९ वटा उजुरी दर्ता भएकोमा ६ वटा फछ्र्यौट भएको र ३ वटा बाँकी रहेको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको बारेमा सबैभन्दा कम ३ वटामात्र उजुरी दर्ता भएकोमा २ वटा फछ्र्यौट भएको छ भने एउटा उजुरी बाँकी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुने भ्रष्टाचारसम्बन्धी उजुरीमा धेरैजसो विकास निर्माणका कामसम्बन्धी हुने गरेका छन् । यस्तै, नदीजन्य पदार्थ उत्खनन र आर्थिक (घुस) लेनदेनसम्बन्धी उजुरी पनि उत्तिकै पर्ने गरेको छ । राज्यका हरेक निकायको काम कारबाहीमा बेथिति रहेका छन् । विकास निर्माण र सेवा प्रवाहसम्बन्धी काममा विभिन्न प्रकारका अनियमितता हुने गरेका छन् । सार्वजनिक निकायमा हुने अनियमितता र भ्रष्टाचार नियन्त्रण ठूलो चुनौती बनिरहेको छ । राजनीतिक वा अन्य स्वार्थका कारण भ्रष्टाचार वा अनियमितता भएको भन्दै जथाभावी उजुरी हाल्ने परिपाटी पनि बढ्दै गएको छ । आम नागरिकसँग प्रत्यक्ष सरोकार रहने स्थानीय तहले गरेका काम चित्तबुझ्दो नहुँदा भ्रष्टाचारको आशंकामा उजुरी पर्नुलाई स्वभाविक मान्नुपर्छ । भ्रष्टाचार हुने वा हुनसक्ने अवस्था आउनै नदिने हो भने उजुरी हाल्ने क्रम आफैं कम हुन्छ । हरेक सार्वजनिक निकायले नीति, नियम र विधिसम्मत काम कारबाहीमा ध्यान दिएर भ्रष्टाचारको सम्भावनालाई न्यूनीकरण नगर्दासम्म भ्रष्टाचार भइरहने र उजुरी परिरहने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : धार्मिक यात्रा योगमा सरिक भइने समय योग छ । |
| **वृष** | : धार्मिक र सामाजिक काममा सरिक भइने छ । |
| **मिथुन** | : परोपकारी काममा खट्नुपर्ने समय योग छ । |
| **कर्कट** | : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । |
| **सिंह** | : सामाजिक र धार्मिक काममा सरिक भइने छ । |
| **कन्या** | : बोलीमा बिचार पु¥याउनुपर्ने समय योग छ । |
| **तुला** | : पारिवारीक द्वन्द्व कायमै रहने समय योग छ । |
| **वृश्चिक** | : धार्मिक र सामाजिक काममा सरिम । |
| **धनु** | : पराक्रमले प्रतिष्ठा कायम गरिने समय योग छ । |
| **मकर** | : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त होला । |
| **कुम्भ** | : माङ्गलिक कार्यमा सरिक भइने समय योग रहेको छ । |
| **मीन** | : रामरमाइलोमा समय व्यतित हुने समय योग रहेको छ । |

# भेनेजुएला, नेपाली वामपन्थीहरुले के सिक्ने ?



✍बिमल केशरी पौडेल

संसारमा सबैभन्दा तेल भण्डार बढी र प्रमुख तेल निर्यातक देश भेनेजुएला हो । सन् १९९९ मा लोकप्रिय वामपन्थी नेता ह्युगो चावेज राष्ट्रपतिको चुनावमा जितेर सत्तामा आएपछि आम जनताको जनजीवनमा असर पार्ने थुप्रै राम्रा कामहरुको थालनी गरे । उनको पालामा गरिबी ५५ प्रतिशतबाट ३४ प्रतिशतमा सीमित भयो । सामाजिक खर्च ७.८३ प्रतिशतबाट बढेर १४.६९ प्रतिशतमा पुग्यो । १५ लाख प्रौढहरु साक्षर भए सस्तो मुल्यका खाद्य स्टोरहरुले झन्डै १ करोड ३० लाख जनतालाई भोकमरीबाट बचाए । दक्षिण अमेरिकामा न्युनतम पारि श्रमिक सबैभन्दा बढी भएको देशको रुपमा भेनेजुएला देखियो । यी सबै उपलब्धिहरु तेल बिक्रिबाट आएको रकमको सदुपयोग गरेर जनताको जीवन पद्दति उकास्न लगाईयो ।

चावेज समाजवादको निर्माण माथिबाट निर्देशित हैन । जनताको तल्लो तहको सहभागिताबाट हुनु पर्छ भन्ने मान्यता राख्दथे । जनतालाई संगठित गर्ने फरक अभ्यासको थालनी गरे । कम्युनल काउन्सिल, मजदुर काउन्सिल, कम्युनहरुको गठन र यस मार्फत जनताका समस्या बारे छलफल र निराकरण गर्ने प्रयास गरे । तर, अमेरिकी नेतृत्वको पुँजीवादी, साम्राज्यवादी समुहले भेनेजुएला विरुद्ध सन् १९१० देखि आर्थिक नाकाबन्दी गरे, तेलको मुल्य घट्यो , आम्दानि घट्यो र स्टोरहरुमा खाद्य पदार्थ को मात्रा कम हुन् थाल्यो , केहि उद्योग हरु बन्द भए , गरिबी बढ्यो र आम जनतामा निराशा, डर र आक्रोश उत्पन्न गरियो ।

सन् २०१९ मा अमेरिकाले भेनेजुएलमा पूर्ण आर्थिक नाकाबन्दी लगायो । दक्षिण अमेरिकाको प्रमुख मार्क्सवादी चिन्तक, क्युबा तथा भेनेजुएला (चावेजको समयमा सन् २००२-२००६) सरकारमा सल्लाहकार रही सक्नु भएका मार्ता हार्नेकरको शव्दमा, “भेनेजुएलाका विरोधी शक्तिहरुले आर्थिक युद्ध सुरु गरे, सस्तो मूल्यका खाद्य स्टोर उपलब्धता कम गर्ने, केहि उद्योगहरु धरासायी बनाउने, विदेशी लगानीकर्ता तथा स्थानीय व्यापारीहरुमा डर, त्रास उत्पन्न गर्ने, देश टाट पल्टन लाग्यो भन्ने भाष्य खडा गर्ने र जनतामा असन्तोष उत्पन्न गर्ने ।” विरोधीहरु केहि हदसम्म यस अर्थमा सफल देखिन्छन् । मुद्रास्फिति, गरिबी बढेको छ र आम जनतामा असन्तोष छ । भेनेजुएलाबाट नेपालका वामपन्थीहरुले के सिक्न सक्छन् ?

क) कुनै एउटा मात्रै वस्तुको निर्यातमा अत्यधिक निर्भर न रहने (भेनेजुएला तेल निर्यातमा ८० प्रतिशत निर्भर र सरकारको आम्दानीमा ५० प्रतिशत भन्दा बढी हिस्सा तेलले ओगटेको) र चीन जस्तै निर्यातका विभिन्न क्षेत्रहरु खोल्ने, कृषिजन्य, औद्योगिक उत्पादन आदि ।

ख) कम्युनको सहायताबाट खाद्य सुरक्षा स्थापित गर्ने र समाजवादको बाटोमा जाने । पुँजीवादी बजारको ठाउँमा कम्युनले कृषिजन्य पदार्थको उत्पादन, वितरण तथा उपभोग सम्बन्धमा सहरवासी र उत्पादकहरु बीच पुलको काम गर्छ । कम्युनले जमिन, बीउ, बिजनको साथै उत्पादित वस्तुहरुको वितरण तथा उपभोग सम्बन्धी कार्य गर्छ । भेनेजुएलामा पुएब्लो ये पुएब्लो यस्तै एउटा कम्युनको योजना हो ।

भेनेजुएलाको युनिभर्सिटीका प्राध्यापक, मार्क्सवादी चिन्तक क्रिस गिल्बर्टको किताब “कम्युन अथवा केहि होइन” मा कम्युनलाई नयाँ ’समाजवादी परियोजनाको रुपमा वर्णन गरिएको छ ।

# देशले खेल हार्दा पनि ताली बजाउने दर्शक !



✍नवराज पराजुली

’अमेरिका सपनाको देश हो ।’

यो वाक्य धेरैले भने। तर धेरैले यो भन्न छुटाए – अमेरिका सपनाको देश हो जहाँ सपना किन्न निद्रा बेच्नुपर्छ ।

त्यही सपनाको देशमा नेपालको क्रिकेट टोली आएको थियो – विश्वकपको सपना बाँच्न ।

देश सपना खेल्न अमेरिका आएको थियो ।

अनि रंगशालामा दर्शकको त के कुरा गरौं ! अमेरिकाले जीवनमा पहिलोपटक दसौं हजार चन्द्रसूर्य एकै ठाउँमा, एकै पटक देख्यो ।

यी चन्द्रसूर्यहरू यहीं टेक्सासबाट मात्रै आएका थिएनन् । अमेरिकाका कुना कुनाबाट, युरोपबाट, अस्ट्रेलियाबाट, अरबबाट, हाम्रै नेपालबाट आएका थिए । आफ्नो कामलाई, बिदालाई, खर्चलाई– सबैलाई थुम्थुम्याउँदै आएका थिए ।

त्यति टाढाबाट उनीहरू रंगशालामा खेलाडीलाई यत्ति भन्न आएका थिए– हाम्रा शासकहरूले देशको सपनामाथि खेलिरहेका छन्, तपाईंहरू चाहिँ देशको सपनाका लागि खेल्नुहोला ।

हामी नदीहरूको देशका मान्छे । क्रिकेट हेर्न संसारभरिबाट एक एक नदी भएर बग्दै बग्दै त्यो रंगशालामा आएर मिसिएका थियौं । रातो र निलो रङको हाम्रो देशको जर्सी लगाएका हामीले र ंगशालालाई रातो र निलोले पोतेका थियौं । त्यो देखेर आइसिसी वर्ल्ड कपले भावुक हुँदै आफ्नो फेसबुक पेजमा नेपाली दर्शकको फोटो राख्यो । अनि एउटा काव्यिक क्याप्सन लेख्यो– रातो र निलो रङको एउटा समुद्र ।

उता नेपालीमा मोबाइल फोनले, टिभीले, चोक, गल्ली र मैदानहरूमा राखिएका प्रोजेक्टरहरूले छक्क पर्दै नेपालीहरूलाई सोधिरहेथे, ’यसपालि दसैं जेठमै छ हो ?’

नेपालीले क्रिकेटलाई माया गरेको देखेर संसार छक्क पर्दै सोचिरहेको छ– नेपालीहरु क्रिकेटलाई किन यति माया गर्छन ?

नेपालीहरूले उत्तर दिएका त छैनन् तर कीर्तिपुरको मैदानमा होस्, या संसारको कुनै मैदानमा होस्, त्यहाँ क्रिकेट हेर्न पुगेका नेपालीका छातीले भनिरहेका हुन्छन्– इतिहासभरि हामीले सधैं टुक्रा टुक्रामा जित्यौं । कहिले कुनै राज्यले, कहिले कुनै राज्यले जित्यो । कहिले शाहले जिते, कहिले राणाले जिते । तर सिंगै देशले जितेन । दशकौंदेखि कहिले एउटा पार्टीले, त कहिले अर्को पार्टीले जिते । तर सिंगै देशले कहिल्यै जितेन । इतिहासभरि हामीले सधैं टुक्रा टुक्रा ’मा’ जित्यौं । टुक्रा टुक्रा ’ले’ जित्यौं ।

फाट्टफुट्ट बाहेक सिंगो देशले जितेको हेर्ने भाग्य नेपालीले पाएनौं ।

जब नेपाली क्रिकेटले जित्न थाल्यो, तब सिंगै देशले जित्न थाल्यो ।

कसैलाई नमारी देशले जित्न थाल्यो ।

देशले पूरापूर जितेको दुर्लभ आनन्द दिने कारण बन्यो– नेपाली क्रिकेट ।

जिन्दगीमा पूरापूर जित्नु दुर्लभ खुसी हो ।

त्यो खुसी हामीलाई क्रिकेटले दियो ।

सिंगोमा मिसिएर जित्नु दुर्लभ खुसी हो ।

*त्यो खुसी हामीलाई क्रिकेटले दियो ।*
*एउटा हिन्दी गजल छ–*
*तुम इतना जो मुस्कुरा रहे हो*
*क्या गम है जिस को छुपा रहे हो*

संसारभरिका नेपालीका लागि जिन्दगीका र देशका तमाम दुःख लुकाएर मुस्कुराउने कारण बनेको छ – नेपाली क्रिकेट ।

हुन त दुःखहरूलाई ठेल्दै ठेल्दै पर सार्ने बहाना खोज्नु नै जिन्दगी बाँच्ने कला होला ।

### खेलको साक्षी

हामीले टी-ट्वान्टी विश्वकपको पहिलो खेल नेदरल्यान्ड्ससँग हार्‍यौं ।

’खेलाडीले खेल हारे पनि मन जिते’ जस्ता बासी वाक्य खर्च नगरौं । के भएर हार्‍यौं र कसो गरेको भए जित्थ्यौं भन्नेतिर म जान्नँ । त्यो कुरा त्यसैको विज्ञले गर्नुहोला ।

मलाई रंगशालामा आएका नेपाली दर्शकको कुरा गर्नुछ ।

खेलाडीको जित्दा जति आवाज चाहिन्छ, हार्दा झन् बढी आड चाहिन्छ ।

त्यो खेलमा नेपालले हार्दै गरेको बेला नेपाली दर्शकहरूले खेलाडीलाई यस्तो साथ दिए कि, त्यो देखेर अमेरिकाको त्यो रंगशालाले पनि गर्व गर्दै भन्यो होला– म त्यो रंगशाला हुँ जहाँ नेपालीले आएर खेल हेरेका छन् ।

खेलमा क्याच छुट्नाले खेललाई के असर गर्‍यो, त्यसको अर्थ छ । तर क्याच छुट्दाको दर्शकको बोलीले खेलाडीलाई के असर गर्‍यो, त्यसको झन् बढी अर्थ छ ।

हामी बसेकोतिर जब रोहितको हातबाट क्याच छुट्यो, तब वरपरका सबै दर्शकले चिच्याउँदै रोहितलाई भने, ’ठीक छ, रोहित ठीक छ । खेलमा कहिलेकाहीँ हुन्छ ।’

र, सबैले रोहितका लागि ताली बजाए ।

क्याच छुटेपछि निराश र हतास भएर सीमारेखातिर फिल्डिङ गर्न आएका रोहितको अनुहारमा दर्शकको त्यो बोलीले दिएको आड झल्झली देखिन्थ्यो । उनले पनि दर्शकतिर फर्किएर ताली बजाए । रोहित र दर्शकको तालीको दोहोरीमा जुन भाका थियो, मेरो लागि नेपाल त्यही हो । नेपालीपन त्यही हो । हारेको बेला जसले बचाउँछ, उसलाई जिताउनका लागि बाँच्न मजा आउँछ ।

खेल सकिने बेलामा सबैतिर सन्नाटा छाएको सही हो । सबै खिन्न भएको सही हो । तर ठ्याक्क खेल हारेपछि रंगशालामा सुनिएको ध्वनी नेपालीहरूको तालीको गड्गडाहट थियो । त्यो तालीले भनिरहेको थियो, ’हामीले हार्‍यौं तर हामी खेल्दाको नियत सही थियो ।’

सही नियतले खेलेर हारेका देशका प्रतिनिधिका लागि बजेको त्यो तालीमा जुन भाका थियो, मेरो लागि त्यो नै नेपालीपन हो ।

नियत नै गलत राखेर देशलाई हराउने देशका प्रतिनिधिका लागि सायद देशले अर्कै भाका खोजिरहेछ ।

### नेपालको न्यास्रो

एउटा कुराले चाहिँ अलि न्यास्रिएँ म । रंगशालामा ९९.९९ प्रतिशत नेपाली दर्शक थियौं । रंगशालाको एक कुनामा भएका केही सय दर्शकहरूले ’वेभ’ बनाउन धेरैपटक प्रयास गर्नुभयो । अर्थात्, रंगशालाको एउटा कुनाका दर्शकले दुबै हात उठाउने अनि त्यो सर्दैसर्दै अर्को कुनासम्म पुग्ने । र, त्यसैमा जोडिनुमा र माउने । तर दुर्भाग्यवस्, जसले सुरू गर्नुभयो उहाँहरूको छेउको समूहले त्यो बुझ्नुभएन र त्यो धेरैपटकमा पनि वेभ बन्न रुसफल भएन ।

म रंगशालाको अर्को कुनाबाट वेभ बनाउन केही गर्न सक्दिनथेँ । र, वेभ बन्नबाट छुट्यो । त्यतिखेर मलाई लाग्यो, विदेशमा जे गरे पनि केही न केही त छुट्दो रहेछ । त्यतिखेर कीर्तिपुरमा हामीले वेभ बनाएको सम्झेर खुब न्यास्रो लाग्यो ।

यहाँको रंगशालामा सिटहरू मिलेका र नम्बर अनुसार आफ्नो सिट ठ्याक्क भेटिने व्यवस्था थियो । तर मलाई कताकता कीर्तिपुर भिरालोको झारमा बसेर हेर्नुको न्यास्रो लागिरह्यो । कसैले भुइँमा पत्रिका ओछ्याएर ’यहाँ मेरो साथी आउँदैछ’ भन्नरुको न्यास्रो लागिरह्यो ।

टक्क डलर तिरेर खाजापानी किन्ने ठाउँ पनि थियो । तर मैले बेलाबेला बदाम र पानी बेच्न ल्याउने दाइदिदीहरुलाई सम्झिरहेँ ।

हाम्रो देशको रंगशाला त्यस्तै रहनुहुन्न । ती पनि व्यवस्थित हुनुपर्छ । चटक्क । टक्क। मिलेको ।

तर सम्झनाहरूले तर्कको भाषा नुबझ्दा रहेछन् ।

### डिसिजन पेन्डिङ

खेलमा हामीले जम्मा १०६ रन बनायौं । नेदरल्यान्ड्सले ब्याटिङ गर्न थालेपछि एउटा यस्तो समय आयो कि, बाँकी रन ल्याउनका लागि नेदरल्यान्ड्ससँग टन्नै ओभर र विकेट बाँकी थियो । हाम्रो कुनै बलरले बलियो विकेट लिए मात्रै नेपालले जित्ने सपना जिउँदो हुन्थ्यो । हजारौं नेपालीहरू ’विकेट ! विकेट !!’ भन्दै चिच्याइरहेका थिए ।

र, त्यहाँ एउटा नाटकीय पल देख्न पाइयो ।

सोमपाल कामीले बल फाले । ब्याट्सम्यानले हिर्काएको बल सोमपालतिरै आयो । त्यतिन्जेलमा सोमपालतिर (नन स्ट्राइकर एन्ड) भएका ब्याट्सम्यान अगाडि कुदिसकेका थिए । सोमपालले लडेर बल छुन खोजे । बल गएर विकेटमा ठोक्कियो । रंगशाला हल्लिनेगरी दर्शक चिच्याए । ब्याट्सम्यान आउट हुन सोमपालको हातले त्यो बल छोएको हुनुपर्थ्यो । सोमपाल उत्सव जसरी उफ्रिएको देख्दा उनले बल छोए भन्ने लाग्थ्यो । तर अम्पायरले आफै निर्णय गर्न सकेनन् र टिभी अम्पायरको सहायता लिने भए ।

निर्णय एकछिन रोकियो । सबैको मुटु पनि । अब नियालेर टिभीमा हेरेर निर्णय लिइने भइयो । हामी दर्शकले त्यति टाढाबाट हेरेर सोमपालले बल छोएको वा नछोएको भन्न सकिँदैन थियो । खेल हामीले जित्थ्यौं या जित्दैनथ्यौं, त्यो अलि पछिको कुरा थियो । तर त्यो विकेट जाने हो भने नेपाल खेलमा फर्किन्थ्यो ।

मोबाइल, टिभी, प्रोजेक्टरमा संसार भरिबाट क्रिकेट हेरिरहेका नेपाली टक्क अडिने पल थियो ।

अमेरिकाको त्यो मैदानमा खेलाडीहरू मात्रै क्रिकेट खेलिरहेका थिएनन् । त्यहाँ त देश क्रिकेट खेलिरहेको थियो । सोमपाल कामीले बल छोए कि छोएनन् भन्ने कुराले खेलमा देशको आसलाई बचाउँथ्यो । देशको सपनालाई बचाउँथ्यो ।

त्यहाँ कस्तो विरोधाभासपूर्ण सौन्दर्य थियो ! बललाई सोमपाल कामीले ’छुँदा’ त्यो देशको सपना बाँच्थ्यो जुन देशले वर्षौंसम्म ’कामीले छोएको चल्दैन’ भन्यो ।

सोमपाल कामी दौडिँदै रोहितकुमार पौडेलतिर आए । सोमपालले निर्धक्क भएर रोहितसँग बोलेको देखेर अन्दाज गर्न सकिन्थ्यो, उनी भनिरहेका छन्, ’मैले छोएँ, रोहित ।’

सोमपाल कामीले छुनुबारे स्क्रिनमा ’डिसिजन पेन्डिङ’ थियो ।

हाम्रो नेपाली समाजमा छुनुबारे अझै ’डिसजिन पेन्डिङ’ छ । *(स्रोतः सेतोपाटी)*

# पक्कै उदाहरणीय, योग्य प्रधानाध्यापक बन्न सकिन्छ

जेठ १५ गते हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा जिल्लाका प्रतिनिधि प्रधानाध्यापकहरुको भेलाले प्रधानाध्यापक संघ नेपालको जिल्ला शाखा गठन गर्‍यो । विद्यालयको नेतृत्वकर्ता प्रधानाध्यापकहरुको साझा संस्थाको रुपमा प्रधानाध्यापक संघ नेपाल गठनको प्रक्रिया देशभर एक साथ सुरु भएको देखिन्छ । करिब ३ महिनाको तयारीमा देशका ७७ मध्ये ७५ जिल्लामा प्रधानाध्यापक संघ नेपालको शाखा विस्तार भएको छ । जेठ अन्तिम साता राष्ट्रिय महाधिवेशन गरेपछि पालिकास्तरमा प्रधानाध्यापक संघ विस्तारको तयारी समेत भइरहेको बताइएको छ । सार्वजनिक शिक्षा सुधारका लागि महत्वपूर्ण जिम्मेवारी रहने प्रधानाध्यापकहरुको साझा संस्था स्थापनाको सन्दर्भ र प्रधानाध्यापकको जिम्मेवारीको विषयमा रहेर समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले प्रधानाध्यापक संघ नेपालका नवनिर्वाचित अध्यक्ष विष्णु श्रेष्ठसँग गरिएको कुराकानीको सम्पादित अंशः



विष्णु श्रेष्ठ
अध्यक्ष, प्रधानाध्यापक संघ नेपाल मकवानपुर

**समाजः प्रधानाध्यापक संघले कस्तो संस्था हो ? संघको कार्य, उद्देश्य र औचित्य के हो ?**

**श्रेष्ठः** यो सबै प्रधानाध्यापकहरुको साझा घर हो । शिक्षाको अधिकार स्थानीय सरकारको भएपछि प्रत्येक पालिकामा प्रधानाध्यापकहरुको एउटा सञ्जाल छ । त्यस सञ्जालमा भएको प्रधानाध्यापकहरुको राम्रा अभ्यास, शैक्षिक चुनौती र समस्या समाधानका उपायहरु आदान-प्रदान गर्ने कार्य हुन्छ । यो संघ नेपालमा करिव तीन महिना जति अभ्यस्त रह्यो । केन्द्रिय समिति, प्रदेश समिति, जिल्ला समिति हुँदै पालिकास्तरमा पनि सञ्जाल बिस्तार हुँदैछ । यसमा हामीले एउटा स्थानीयस्तरमा मात्र नभएर यसको दायरा जिल्ला तहमा, प्रदेश तहमा, राष्ट्रिय तहमा पनि यो फोरमलाई बृद्धि गरेर देशव्यापी रुपमा भएका राम्रा अभ्यास गरिरहेका विद्यालयहरुका अभ्यास आदान प्रदान गर्ने मूल उद्देश्यका साथ प्रधानाध्यापकहरुले साझा संस्था स्थापना गरेका हौं । भौतिक र विभिन्न मानवीय व्यवस्थापन गर्नका लागि समन्वयकर्ताको भूमिका निर्वाह गर्दा आउने चुनौतीहरु यस संघको मुख्य चुनौति हो । त्यसैले यस्ता चुनौतीको सामना गर्ने उद्देश्यले यो संघको स्थापना भएको हो ।

**समाजः देशका कति वटा जिल्लामा संघको शाखा विस्तार भएको छ ?**

**श्रेष्ठः** देशका ७५ वटा जिल्लामा शाखा विस्तार भएको छ । तनहुँ र बैतडी जिल्लामा गठन गर्न बाँकी छ । त्यहाँ पनि गठन गर्ने तयारी छ । अब यस संघको केन्द्रिय अधिवेशन यहि जेठ २६ गतेदेखि २८ गतेसम्म हुने भएकोले अधिवेशन सकिए पनि सबै पालिकाहरुमा एकै साथ समिति गठन गर्ने योजना रहेको छ ।

**समाजः हालै समिति गठन भएको छ । तपाईहरुले जिल्ला समिति गठनसँगै अरू कस्ता विषयमा छलफल गर्नुभयो ?**

**श्रेष्ठः** हाल तीव्र गतिमा काम गर्नुपर्ने भएको हुँदा हामीले जिल्लाभरका प्रधानाध्यापकहरुलाई भर्चुअल माध्यमबाट हामीले यो प्रक्रियालाई अगाडि बढाएका थियौं । यहाँ विभिन्न संघ, संस्थाहरु छन्, त्यहाँ पनि प्रधानाध्यापकहरुको छुट्टै सञ्जाल बनाउँदा हामीलाई केही प्रश्नहरु आइरहेको छ । प्रधानाध्याकहरुले आईपर्ने चुनैतिहरुको बारेमा भर्चुअल छलफलमा आफ्ना कुराहरु राख्ने गर्नुहुन्छ ।

**समाजः तपाई एउटा विद्यालयको प्रधानाध्यापक हुनुहुन्छ । एउटा प्रधानाध्यापकको पदमा रहिरहँदा कस्ता चुनौतिहरू महसुस गर्नुभएको छ ?**

**श्रेष्ठः** २१ औं शताब्दीमा प्रवेश भएको हुँदा विद्यालयमा शिक्षक र विद्यार्थीबीच ठूलो पुस्तान्तर छ । अहिलेको समयमा प्रविधिमैत्री शिक्षा अनिवार्य छ । भौतिक क्षेत्रमा पनि चुनौतीको सामना गर्नुपरेको छ । विद्यालयमा विषयगत शिक्षक दरबन्दी नहुँदा अन्य विषयको शिक्षकबाट कक्षा लिने हुँदा त्यति स्पष्टता नहुने हुँदा त्यहाँ पनि समस्या आउँछ । अभिभावकहरुले पनि सहजै कुरा नबुझ्ने चुनौतीको सामना गर्नुपरेको छ ।

**समाजः विद्यालयहरूमा जसरी प्रधानाध्यापक चयन गर्नुपर्ने हो त्यसरी प्रधानाध्यापक चयन भइरहेको छ त ?**

**श्रेष्ठः** शिक्षा ऐनमा तोके बमोजिम विद्यालयमा प्रधानाध्यापक चयन गरिनु पर्छ । मकवानपुर जिल्लाको हकमा धेरैजसो शिक्षकहरु प्रधानाध्यापकको पदमा बस्न चाहनुहुन्न । विभिन्न राजनीतिक दबाब र विद्यालय व्यवस्थापन समितिको पनि दबाबमा रहेर काम गर्नुपर्ने र प्रधानाध्यापक चयन प्रक्रिया पनि त्यति स्वच्छ हुन सकेको छैन ।

**समाजः एउटा असल प्रधानाध्यापकका उल्लेखनीय क्रियाकलाप के के हुन्छन् भन्ने लाग्छ ?**

**श्रेष्ठः** एउटा प्रधानाध्यापकले विद्यालयमा भएका विद्यार्थीहरुको इच्छा आकांक्षा पूरा हुने खालका अभ्यास गराउने, विद्यालयमा किताबी ज्ञान मात्र नभई व्यवहारिक ज्ञानका अभ्यासहरु गराउने, बेला-बेला शैक्षिक भ्रमण जस्ता कार्य गराउँदै शिक्षा र मनोरञ्जन दुबैको स्थापना गर्न सकेमा पक्कै उदाहरणीय, योग्य प्रधानाध्यापक बन्न सकिन्छ ।

**समाजः तपाईले नगर भित्रका अन्य प्रधानाध्यापकहरूको क्रियाकलाप पनि हेरिरहनुभएको होला । यसबाट कस्तो क्रियाकलाप सिक्ने र सिकाउन सकिन्छ ?**

**श्रेष्ठः** नगरका शिक्षकहरु मिलेर बाहिर अन्य नमुना विद्यालयहरुमा भ्रमणका लागि गएका थियौं । बाल विकासको क्षेत्रमा यस्तो भ्रमण प्रभावकारी रहेको छ । कस्तो सामग्री बालबालिकाहरुलाई चाहिन्छ त्यसको जानकारी पाएका छौं ।

**समाजः शिक्षाक, कर्मचारी र प्रधानाध्यापक बीचको सम्बन्धलाई कस्तो बनाउनु भएको छ ? कस्तो हुन पर्छ ?**

**श्रेष्ठः** जबसम्म टिम बलियो हुँदैन तबसम्म काम गर्न पनि सहज हुँदैन । यसका लागि हामीले साताको शुक्रबार समूहगत छलफल गर्ने गरेका छौं । शिक्षकहरुको समस्या बुझ्ने र सो समस्याको समाधान गर्ने हो भने पक्कै विद्यालयको शैक्षिक गुणस्तरमा बृद्धि हुन सक्छ ।

# योजना र रणनीति अनुसार सहकारी चल्नुपर्छः अध्यक्ष देवकोटा

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष तथा जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायणप्रसाद देवकोटाले योजना र रणनीति अनुसार सहकारी चल्नु पर्ने बताउनुभएको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको आयोजनामा बिहिबार तीन दिने तालिम तथा अन्तरक्रियाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष देवकोटाले सहकारीमा रणनीति बनाउनु पर्ने भन्नुहुँदै योजना र रणनीति अनुसार सहकारी सञ्चालन हुनु पर्ने बताउनुभएको हो ।



२ प्रतिशत सहकारी समस्या देखिएको कारण अन्य सहकारीमा पनि जोखिम हुने उहाँको भनाइ थियो । सहकारीमा कार्ययोजना सफल हुन नसकेको बताउनुहुँदै देवकोटाले कार्यरत कार्मचारी तथा सदस्यहरु निर्धक्क हुने अवस्था सृजना गर्न जरुरी रहेको उहाँले बताउनुभयो । मकवानपुरको कुनै सहकारीको कारोबार एक अर्ब रहेको छ भने अर्कोको कारोबार ५ अर्ब रहेको छ ।

संघले नियमित रुपमा अनुगमन, तालिम जस्ता कार्यक्रमहरु अघि बढाएको उहाँले बताउनुभयो । सहकारी बिग्रनु सञ्चालकमुखी कर्मचारी हुनु पनि मुख्य कारण भएको उहाँले दावी गर्नुभयो । आयआर्जनमा लगानी गर्न सकिएन भने सहकारीलाई जोखिम हुने देवकोटाले बताउनुभयो । सहकारीमा वित्तीय जोखिम मापन र व्यवस्थापनका रणनीतिबारे तीन दिने तालिममा सहकारी संघका पूर्व कोषाध्यक्ष केशव प्रसाद पोखेलले सहजीकरण गर्नुहुनेछ । मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षतमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न सहकारीका अध्यक्ष, व्यवस्थापनको सहभागिता रहेको छ ।

# एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको ३ जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र रामेछाप जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको पाचँखाल नगरपालिका-९, धान्द्रेखोलामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा पाचँखाल-२ का ५९ वर्षीय चन्द्र बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बिहान ११ बजेर ४० मिनेटको समयमा तामाङ खोल्सामा मृत अवस्थामा फेला परेका थिए । शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-६, जारकोटमा बाटोमा लडेर एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ७१ वर्षीय लुक्सी तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बिहान ७ बजेको समयमा तामाङ मादक पदार्थ सेवन गरी आफ्नो घरदेखि तालामारङ बजार जाँदै गर्दा बाटोबाट ५ मिटर तल खोल्सामा लडी घाइते भएका थिए । घाइते तामाङलाई उपचारको क्रममा काठमाडौंमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-५, भित्रीखानीमा ढुंगाले लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६३ वर्षीय मिन बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार दिउँसो ४ बजेर २० मिनेटको समयमा निर्माणाधिन गुम्बामा दान गर्नका लागि आफ्नै बारीको छेउमा रहेको ढुगा फुटाई गिट्टी बनाउने क्रममा माथिबाट झरेको ढुंगाले लाग्दा तामाङ गम्भीर घाइते भएका थिए ।

घाइते तामाङलाई उपचारका लागि अस्पताल लैजाने पहल भइरहेकोमा साँझ ६ बजे ४५ मिनेटको समयमा आफ्नै घरमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## संघीय सरकारको निर्णय

# हेटौँडा सिमेन्ट उद्योगको अध्यक्षमा भण्डारी

समाज संवाददाता

हेटौँडाः सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योग लिमिटेडको अध्यक्षमा हेटौँडाका नरेन्द्र भण्डारीलाई नियुक्त गर्ने निर्णय भएको छ । संघीय सरकारको बिहिबार बसेको बैठकले भण्डारीलाई हेटौँडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्त गर्ने निर्णय गरेको हो । अध्यक्षको ३ बर्षे कार्यकाल रहनेछ ।



संघीय सरकारको उद्योग, वायिाज्य तथा आपूर्ति मन्त्रालयले हेटौँडा सिमेन्ट उद्योगको अध्यक्षका लागि दरखास्त आव्हान गरेको थियो । मन्त्रालयले दरखास्त आव्हान गरेपछि ४ जनाले दरखास्त बुझाएका थिए । दरखास्त बुझाएका मध्ये हेटौँडाका भण्डारीसहित सञ्जीब कुमार देव र श्रीकृष्ण भद्र अर्याललाई अन्तरवार्तामा बोलाइएको थियो । जेठ १३ गते मन्त्रालयमा अन्तरवार्ता भएको थियो ।

स्नातक तह उत्तीर्ण गरी ५ बर्ष अधिकृत सरहको कार्यअनुभव भएको ३५ देखि ६५ बर्ष उमेर समूहका नेपाली नागरिकबाट मन्त्रालयले दरखास्त आव्हान गरेको थियो । हेटौँडा-९ का भण्डारी मानविकी संकायमा स्नात्तकोत्तर तह उत्तीर्ण गरी निर्माण व्यवसायको क्षेत्रमा क्रियाशील हुनुहुन्छ । मकवानपुर उद्योग वाणिज्य संघको कार्यसमिति सदस्य समेत रहनुभएका भण्डारी विभिन्न सामाजिक संघ, संस्थामा पनि क्रियाशील हुनुहुन्छ । यसअघिका अध्यक्ष हेटौँडा-१९ का गणेश प्रसाद भेटुवालको मृत्यु भएपछि अध्यक्ष पद रिक्त थियो ।

संघीय सरकारले हेटौँडा सिमेन्ट उद्योगको अध्यक्षको जिम्मेवारी दिने निर्णय सार्वजनिक भएपछि भण्डारीले आफ्नै जिल्लाभित्रको उद्योगको नेतृत्वको अवसर महत्वपूर्ण भएको प्रतिक्रिया दिनुभएको छ । निजी क्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्दै सरकारी स्वामित्वको गुणस्तरीय सिमेन्ट उद्योगलाई सुधार गर्नु प्रमुख चुनौति भएको भण्डारीले बताउनुभएको छ । सरकारी नीति तथा योजना, कर्मचारी प्रशासनको साथ, सहयोग र निजी क्षेत्रका व्यवसायी समेतको विश्वास जितेर उद्योगलाई सकारात्मक दिशातर्फ अग्रसर गराउने भण्डारीको भनाइ छ ।

बधाई तथा शुभकामना



मकवानपुरका युवा उद्यमी, व्यवसायी प्रिय मित्र नरेन्द्र भण्डारी संघीय सरकारको मन्त्रिपरिषद्बाट हेटौँडा सिमेन्ट उद्योग लिमिटेडको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

सुदीप राज गिरी
हेटौँडा-८, कमाने

# घरभाडा नतिरी सम्पर्कविहिन नागरिक उन्मुक्ति पार्टी



समाज संवाददाता

हेटौंडाः नागरिक उन्मुक्ति पार्टी कार्यालय मकवानपुर घरभाडा नतिरी सम्पर्कविहिन भएको छ । हेटौंडा-१०, अखण्डमार्गस्थित कृष्ण कटुवालको घरमा स्थापना गरिएको पार्टी कार्यालयको घरभाडा नतिरी सम्पर्कविहिन भएपछि घरधनीले प्रहरी, प्रशासन, जनप्रतिनिधिको रोहबरमा ताला खेलेको छ ।

घरभाडा नतिरी सम्पर्कविहिन भएपछि बिहिबार वडाका जनप्रतिनिधि र प्रहरीको उपस्थितिमा कार्यालयमा पार्टीले लगाएको ताला फोरेको छ। कार्यालयभित्र पार्टीका क्रियाशील सदस्यहरुको नवीकरण भएको फाइल, प्लाष्टिकको ३ थान कुसी, एक थान टेबल, सानो मोबाइल फोन र चार थान पार्टीका ब्यानर मात्र फेला परेको छ। घरधनी कृष्ण कटुवालका अनुसार गत असोजबाट पार्टीले तीन वटा कोठासहितको फ्ल्याट भाडामा लिएको थियो। मासिक घर भाडा बत्ति र पानीको महसुलबाहेक १७ हजार रुपैयाँ लिने-दिने भनी सम्झौता गरिएको कटुवालले बताउनुभएको छ। पार्टी कार्यालयले पुस महिनासम्मको भाडा भुक्तानी गरेको थियो । ५ महिनाको भाडा भुक्तानी गर्न बाँकी रहेको जनाइएको छ ।

घरधनी कटुवालले घरभाडा भुक्तानीका लागि पार्टी मकवानपुरका अध्यक्ष विकास वाईबा तामाङलाई फोन गर्दा फोन नउठाएको र एक महिना अघि भाडा दिन्छु भनेर खाता नम्बर मागेदेखि नतिरी सम्पर्कविहिन भएको बताउनुभयो। अहिले पटकपटक फोन गर्दासमेत उनको फोन नउठेपछि आफुले वडा र प्रहरीमा खबर गरेर कोठामा लगाएको ताला फोर्न लगाएको उहाँले बताउनुभयो । उहाँका अनुसार पार्टीका केही नेताहरुलाई सम्पर्क गर्दा पार्टी केन्द्रीय कार्यालयबाट भाडा तिर्न पैसा पठाएपनि अध्यक्ष वाईबाले भुक्तानी नगरी सम्पर्कविहिन भइरहेको बताएका छन् ।

बिहिबार हेटौंडा-१० की जनप्रतिनिधि गोमा सुनार, सामुदायिक प्रहरी सेवा उपकेन्द्र हेटौंडा-१० का अध्यक्ष प्रदीप कँडेल, प्रहरी सहायक हबल्दार सविना पोखरेल र समाजसेवी गोकुल अधिकारीको उपस्थितिमा पार्टीले कोठामा लगाएको ताला फोरिएको हो ।

# जिल्ला समन्वय समितिको समीक्षा सम्पन्न

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति मकवानपुरले बिहीबार समीक्षा कार्यक्रम सम्पन्न गरेको छ। नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुख सचेतक बर्तौलाले नागरिकको उचित व्यवस्थापनसहित हेटौंडा बजार क्षेत्रको सडक विस्तार गर्नुपर्ने बताउनुभएको छ । विकासका काम नरोकिने गरी आम नागरिकलाई राज्यले अभिभावकत्व दिनुपर्ने उहाँले बताउनुभयो । प्रमुख सचेतक बर्तौलाले शिक्षा, स्वास्थ्य, रोजगारीसँगै दीर्घकालीन सोचसहितको विकास निर्माणमा जुट्न जरुरी रहेको औंल्याउनुभयो। उहाँले ठूला सडक पूर्वाधार तथा सुरुङ मार्गको योजना निर्माण गरेर विकासका कामलाई तिव्रता दिनुपर्ने बताउनुभयो ।

‘अब दीर्घकालीन र ठूला परियोजनामा लगानी बढाउनुपर्छ। आधारभूत सुविधासँगै प्रविधियुक्त भौतिक पूर्वाधार विकास आजको आवश्यकता हो’, बर्तौलाले भन्नुभयो- ‘सुरुङमार्ग, फ्लाइ ओभर ब्रिजलगायतका संरचनामा काम गर्नुपर्छ ।’ नागरिक र व्यवसायीहरुको उचित व्यवस्थापनसहित हेटौंडा बजार क्षेत्रको सडक विस्तार गर्नुपर्ने उहाँको भनाइ छ । प्रदेशको राजधानी फराकिलो र स्तरीय बनाउँदा कसैलाई पनि आवासविहीन र सुकुम्बासी बनाउन नहुने उहाँले बताउनुभयो ।

भीमफेदी-कुलेखानी सुरूङ मार्ग निर्माणका लागि जिल्लाका सबै स्थानीय तहसहित सरोकारवाला व्यक्ति एकताबद्ध भएर अघि बढ्नुपर्ने बर्तौलाले बताउनुभयो। विकास निर्माणका विषयमा तीन तहका सरकारबीच समन्वय हुन जरुरी रहेको उहाँको भनाइ छ। विकासका सवालमा सबैले साझा संकल्प गरेर अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

विकासको मोडलसहित साझा धारणा निर्माण गरी काम गर्न सके मकवानपुरको समृद्धि सम्भव रहेको उहाँको भनाइ छ । ‘मकवानपुरको उत्तरी क्षेत्र दामन, पालुङ, चित्लाङमा पर्यटन प्रवर्द्धन गर्न पर्यटन केन्द्रको रुपमा विकास गर्नुपर्छ’, एमाले प्रमुख सचेतक बर्तौलाले भन्नुभयो- ‘पर्यटनको विकाससँगै रोजगारी र उद्यमशीलतालाई समानान्तररुपमा अघि बढाउनुपर्ने हुन्छ।’ हेटौंडाको बन्द रोपवेको सदुपयोगमा सबैले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । सम्पदा र पर्यावरणलाई एकीकृतरुपमा विकास गर्दै नागरिकको सेवा प्रवाहलाई सहजता दिनुपर्ने उहाँको भनाइ छ।

मकवानपुरको उत्तर-पश्चिम नाका जोड्न मनहरी-थाहाबीच सडक निर्माण गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो। उहाँले मनहरी र थाहा जोड्न रुपचन्द्र विष्ट मार्ग निर्माण गरेर अघि बढ्नुपर्ने बताउनुभयो । हेटौंडा औद्योगिक क्षेत्रको व्यवस्थापनमा स्थानीय सरकारले पनि उचित ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। आर्थिक संकटका कारण उद्योगधन्दा बन्द हुने दर बढ्दो क्रममा रहेकाले तीनै तहका सरकारले उचित नीति तथा कार्यक्रम ल्याएर काम गर्नुपर्ने उहाँको भनाइ छ। पहुँचका आधारमा औद्योगिक क्षेत्रमा जग्गा कब्जा गरेर बस्ने र उद्योग नचलाउनेहरुलाई कारवाहीको दायरामा ल्याउन उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले सभ्य समाज निर्माणमा सरकारले लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारहरुको आयस्रोत वृद्धि गर्न उचित व्यवस्थापकीय प्रणाली विकास गर्नुपर्ने बताउनुभयो। जिल्लाको विकास, अवस्था, समस्या र उपलब्धिका बिषयमा छलफल आवश्यक रहेको उहाँको भनाइ छ । राजस्व वृद्धिका लागि प्राकृतिक स्रोतहरुको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले नागरिकको आवश्यकताअनुसारको विकास र सहज सेवा प्रवाहमा स्थानीय तहले भूमिका खेल्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहलाई बलियो बनाउँदै संविधानको व्यवस्थाअनुसारको अधिकारमा नागरिकको पहुँच वृद्धि गर्नुपर्ने बताउनुभयो । उहाँले संघ, प्रदेशको कानुन स्पष्ट नहुँदा समस्या आएको बताउनुभयो ।

कानुनी अड्चन हल गरेर प्राकृतिक स्रोतको उपयोग गरी विकास निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो । नदीजन्य पदार्थ उत्खनन् नहुँदा एकातर्फ राजस्व संकलन हुन नसकेको र अर्कोतर्फ खोला खहरेको सतह बढेर मानव बस्ती नै जोखिममा पर्ने अवस्थामा पुगेको उहाँले बताउनुभयो। हेटौंडामा २५ मिटर सडक विस्तारको विषयमा संघीय सरकारले उचित निर्णय नगर्दा अन्यौलता निम्तिएको उहाँले बताउनुभयो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले मनसुनजन्य विपद्का घटनाबारे पूर्वतयारी रहनुपर्ने बताउनुभएको छ । यसबारेमा सरोकारवाला निकायहरुले जोखिमको सम्भावनाबारे प्रशासन कार्यालयलाई जानकारी गराउन पनि उहाँले आग्रह गर्नुभयो । उहाँले अहिले प्राकृतिक स्रोतसाधनको अत्याधिक दोहन भएका कारण विपद्का घटनाहरु बढ्दो देखिएकाले यसबारे सबैलाई सचेत गराउनुपर्ने बताउनुभयो । उहाँले राजस्व संकलन कमजोर भइरहेको भन्दै यसबारे छलफल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जिम्मेवार व्यक्तिहरु नै गैरजिम्मेवार हुँदा जनता निराश भइरहेको बताउनुभयो । कार्यक्रममा अधिकांश स्थानीय तहका प्रमुख उपप्रमुखहरु नै छलफलमा उपस्थित नभएपछि उहाँले यस्तो बताउनुभएको हो। समाजलाई रुपान्तरण गर्ने र जनताको अभिभारा पूरा गर्नुपर्ने व्यक्तिहरु नै छलफलमा सहभागी नहुँदा यो व्यवस्था र जनतामा निराशा बढेको उहाँको भनाइ छ ।

कार्यक्रममा संविधानसभा सदस्य प्रल्हाद लामिछाने, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक भीम पाख्रिन, नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष विष्णु दाहाललगायत विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखहरुको उपस्थिति रहेको थियो ।

# बकैयाले मागेको ८० शिक्षकका लागि ४४१ जनाको आवेदन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले खुला गरेको शिक्षक पदका लागि ४ सय ४१ जनाले आवेदन दिएका छन्। पालिकाले गत बैशाख ११ गतेदेखि ३१ गतेसम्म आवेदन खुला गरेको ८० शिक्षक पदका लागि ४ सय ४१ जनाले आवेदन दिएको गाउँपालिकाका स्रोत शिक्षक नारायणप्रसाद चापागाईले जानकारी दिनुभयो ।

आवेदन दिनेमा मावितर्फ ७१ जना, प्रावितर्फ २ सय ३४ जना र निमावितर्फ १ सय ३६ जना रहेका छन् । आवेदन दिएकाहरुको शुक्रबारबाट छनोट प्रक्रिया सुरु हुँदैछ। तीन चरणमा छनोट परीक्षा बकैया-३ स्थित बुद्ध माविमा सञ्चालन हुनेछ । परीक्षाको नतिजा शनिबारभित्रै प्रकाशन गरी दोस्रो चरणको परीक्षाको लागि जानकारी गराइने उहाँले बताउनुभयो । गाउँपालिकाअन्तर्गतको विद्यालयमा अहिले गणित र विज्ञानका २५ जना शिक्षकको आवश्यकता रहेको छ ।

गाउँपालिकाले ५० जना प्रावि, १० जना मावि र १० जना निमावि शिक्षकका लागि आवेदन खुलाएको थियो । गाउँपालिकाले कुनै विषयको शिक्षक विदामा बस्नुपर्दा र उपस्थित हुन नसकेको समयमा पनि विद्यार्थीको पठनपाठन र परीक्षा प्रभावित नहोस् भन्ने उद्देश्यले उक्त शिक्षकहरुको माग गरिएको उहाँले बताउनुभयो। गाउँपालिकाले आवेदकको परीक्षा लिएर उत्तीर्णहरुमध्येबाट शिक्षक प्रतीक्षा सूची तयार गर्ने र विद्यालयमा कार्यरत शिक्षक लामो समय बिदामा बस्दा बिदा अवधिभर उक्त प्रतीक्षा सूचीमा सूचीकृत शिक्षकलाई गाउँपालिकाले खटाउने उहाँले बताउनुभयो । गाउँपालिकाअन्तर्गत प्रावि ५३ वटा, मावि १२ वटा र ११ वटा निमावि गरी ७६ वटा विद्यालयहरु रहेका छन् ।


# लोपोन्मुख भोटेलहराको विरुवा रोपियो

समाज संवाददाता

हेटौंडाः विश्व वातावरण दिवस २०२४ को अवसरमा अशोक सामुदायिक वन उपभोक्ता समूहले दुर्लभ वनस्पति भोटेलहरासम्बन्धी सचेतनामूलक कार्यक्रम गरेको छ । ‘हाम्रो भूमि, हाम्रो भविष्य’ नाराका साथ हेटौंडा उपमहानगरपालिका-१७, राजदेवीमा आयोजना गरिएको विश्व वातावरण दिवसको कार्यक्रम उद्घाटन सामूहिकरुपमा लोपोन्मुख भोटेलहराको विरुवा रोपण गरेर गरिएकोवनस्पति अनुसन्धान केन्द्रका वरिष्ठ वैज्ञानिक अधिकृत रघुराम पराजुलीले जानकारी दिनुभयो ।

कार्यक्रममा गरिएको प्रभातफेरीमा राजदेवी माविका विद्यार्थीहरुले वातावरण संरक्षणसम्बन्धी विभिन्न नारा लगाएका थिए । वनस्पति अनुसन्धान केन्द्रद्वारा हेटौंडा, मकवानपुरगढी तथा बकैयामा पर्ने वंशगोपाल सामुदायिक वन उपभोक्ता समिति, पञ्चकन्या सामुदायिक वन उपभोक्ता समिति, गोरक्षनाथ सामुदायिक वन उपभोक्ता समिति र ज्योति सामुदायिक वन उपभोक्ता समितिमा दुर्लभ वनस्पति भोटेलहराको विरुवाहरु उपलब्ध गराउनुका साथै केहि विरुवाहरु रोपिएको थियो ।

कार्यक्रममा वडा सदस्य नवराज न्यौपाने, सवडिभिजन वन कार्यालयका अधिकृत हरि खड्का, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, राजदेवी माविका प्रधानाध्यापक, अशोक सामुदायिक वन उपभोक्ता समिति, रानी सामुदायिक वन उपभोक्ता समिति, चुच्चेखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष तथा विभिन्न संघसंस्थाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण वनस्पति अनुसन्धान केन्द्रका वैज्ञानिक अधिकृत अनिशकुमार कर्ण तथा वनस्पति सहायक युगल अर्यालले गर्नु भएको थियो ।




## चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धानुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।




Laya Shrestha



Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB
Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ